सिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः२०७६/४/१

दोस्रो पटक सूचना प्रकाशन मितिः२०७६/४/२१

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ को खण्ड घ(२),(६) र बडिगाड गाउँपालिको आर्थिक ऐन २०७६ बमोजिम आ.व. २०७६/०७७ को २०७६ श्रावण १ देखि २०७७ असाढ मसान्त सम्मका लागी कर संकलन तथा ढुङ्गा, गिट्टी तथा बालुवा रोडा बिक्री गर्ने कार्य ठेक्काबाट गराउन पर्ने भएकाले ईच्छुक फर्म तथा ब्यक्तिबाट तपसिलमा उल्लेखित विषय र सर्तहरुको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र गोप्य सिलबन्दी दरभाउ पत्र आह्वान गरीन्छ।

| क्र.सं. | विषय | कार्यालयले तोकेको न्यूनतम मुल्य | ठेक लाग्ने अबढी | बोलपत्र नं. |
|---|---|---|---|---|
| १ | स्थानीय पूर्बाधार उपयोग कर तर्फः | | | |
| | कः बडिगाड गाउँपालिका क्षेत्र भित्र पर्ने मध्य पहाडी राजमार्गको दाया बाया दुबै तर्फका सबै सडकमा गुड्ने सवारी साधनहरुलाई स्थानीय पूर्बाधार उपयोग कर | रु.६५००००/- | २०७६श्रवाण १देखि २०७७ असाढ मसान्त सम्म | BDG/1/KA |
| २ | निकासीकर तर्फः | | | |
| | कःयस गाउँपालिका बाट निकासी भई जाने कानुना द्वारा निशेधित जनावर बाहेकका जनावरहरुको हाड, सिङ,छाला,खुर, जडीबुटी, लोक्ता, खोतो, प्रशोधित पानी,खर, पराल, वनकस आदि | रु.२०००००/- | २०७६श्रवाण १देखि २०७७ असाढ मसान्त सम्म | BDG/2/KA |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | कः बडिगाड गा.पा. वडा नं.६ भुजुन्ने देखि माथि र वडा नं. ७ भिमगाड सिसनेरी क्षेत्र र दर्लिङ्ग खोला क्षेत्र | रु.६५००००/- | २०७६श्रवाण १देखि २०७७ अषाढ मसान्त सम्म | BDG/3/KA |
| | ख-बडिगाड गा.पा. वडा नं.२मा पर्ने दरम खोला र खर्बाङ्ग मर्यान घाट देखि कालीरह हुदै लब्दी खोला सम्म बडीखोलामा | रु.१००००००/- | २०७६श्रवाण १देखि २०७७ अषाढ मसान्त सम्म | BDG/3/KHA |
| | ग-बडिगाड खोला र लब्दीखोलाको दोभान देखि भुजुन्ने सम्मको बडिगाडखोला क्षेत्रमा | रु.३५००००/- | २०७६श्रवाण १देखि २०७७ अषाढ मसान्त सम्म | BDG/3/GA |

<u>सर्तहरुः</u>

१-यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समय सम्म बोलपत्र फाराम रु.१०००(एक हजार रुपैयाँ मात्र) भुक्तानी गरी बडिगाड गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। एउटा कामको लागी एउटा बोलपत्र फाराम खरीद गर्नु पर्ने छ। सूचना प्रकाशन भएको मितिले ७औं दिन ( अन्तिम दिन) बिदा परेमा सोको भोलि पल्ट दिनको ११ बजे सम्म बोलपत्र फाराम खरीद गर्न सकिने छ।

२-दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ८ औं दिनको दिउसो १ बजे सम्म बोलपत्र दाखिला गर्न सकिने छ। सोहि दिनको दिउसो ३ बजे कार्यालय प्रतिनीधि र बोलपत्र दाताको रोहवरमा कार्यालयमा नै बोलपत्र खोलिनेछ। उक्त दिन बिदा परेमा त्यसको भोलि पल्ट बोलपत्र खोलिने छ। बोलपत्र दाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३-आफुले कबोल गरेको अंकको नेपाली नागरीक भए २०% र बिदेसी नागरीक भए ३०% धरौटी रकम यस कार्यालयको प्रभु बैंक लिमिटेडमा रहेको धरौटी खाता नं १६८००२०११५८०४७००००४मा जम्मा गरी सोको सक्कलै भोचर सहित पेस गर्नु पर्नेछ।

४-कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको दरभाउ पत्र फारामलाई मान्यता दिईने छैन। दरभाउ पत्र साथ नागरीकताको प्रमाणपत्रको प्रतिलिपी र फर्म भए फर्म दर्ता प्रमाण पत्र, फर्म नविकरण, आय कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

५-जुन ब्यात्ति वा फर्मको नामबाट दरभाउ पत्र खरीद भएको हो सोही ब्यात्ति वा फर्मको नामबाट मात्र दरभाउ पत्र दर्ता गर्न सकिनेछ। अन्य ब्यात्ति वा फर्मबाट दर्ता गराईएको दरभाउ पत्रलाई मान्यता दिईने छैन।

६-प्रत्यक दरभाउ पत्रको छुट्टा छुट्टै खाममा आफुले कबोल गर्न चाहेको विषय वा शिर्षकको सूचनामा उल्लेखित बोल पत्र नं. सहित कामको विषय वा शिर्षक लेखि बोलपत्र सिलबन्दी गरी पेश गर्नु पर्ने छ।

७-दरभाउ पत्र सकारे बापत नियमानुसार आफुले बुझाउन पर्ने सम्पूर्ण रकम ठेकदार स्वयंले बुझाउन पर्ने छ। सम्झौताको लागी स्वीकृत दरभउ पत्र दाताले आफुले कबोल गरेको कुल रकम तीन किस्ता गरी बुझाउन सक्ने छ। यसरी बुझाउने किस्ता मध्ये प्रथम किस्ता बापत ४०% रकम सम्झौता गर्ने समयमा बुझाउन पर्ने छ। बाँकी रकमको हकमा नेपाल सरकारको मान्यता प्राप्त बैकबाट यस कार्यालयको नाममा २०७७ भदौ मसान्त सम्मको लागी जारी भएको अग्रिम भुक्तानी बैंक ग्यारेन्टी वा नगद जमानत पेश गर्नु पर्ने छ।

८-आफूले कबोल गरेको ठेक अंकको रकम एकमुस्ट अग्रिम बुझाउने दरभाउ पत्र दातालाई कबोल अंकको ५% सम्म छुट दिई सम्झौता गर्न सकिने छ। तर धरौटीको रकमलाई सो रकममा समाबेस गरीने छैन।

९-नदी खोला किनारबाट ढुङ्गा, गट्टी, बालुवा उत्खनन गर्दा पुल सडक बाध आदी भौतिक निर्माणको बस्तुलाई बाधा नपर्ने गरी गर्नु पर्नेछ। निशेधित क्षेत्र वा ब्यात्तिको नाममा दर्ता भएको जग्गाबाट ढुङ्गा,गिट्टी, बालुवा उत्खनन गर्न पाईने छैन।

१०-ठेकेदारले सम्झौता पत्रमा तोकिएको बस्तुहरुमा मात्र तोकए बमोजिमको दर रेटमा कर दस्तुर असुल गर्नु पर्ने छ। प्रचलित ऐन नियम कानुन सम्झौता र सूचनाको शर्तहरु विपरीत कार्य गरेमा जुनसुकै समयमा पनि कार्यालयले सम्झौता तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरीने छ।

११-प्रचलित नियम विपरीत कर असुल गर्न वा एउटा स्थानिय तहले लिएको करको प्रमाण हुँदाहुँदै दोहोरो हुने गरी कर असुल गर्न पाईने छैन।

१२-बडिगाड गाउँपालिकालाई तिर्नु पर्ने रकम तथा जिन्सी सामानहरु बक्यौता देखिएमा त्यस्ता ब्यात्तिहरु र तीनका एकासंगोलमा रहेका परीवारको ब्यात्तिहरुको नाममा समेत बोलपत्र स्वीकृत गरीने छैन।

१३-बडिगाड गाउँपालिकाले आफै अमानतबाट संचालन गरेको योजनाहरुको लागी चाहिने गिट्टी बालुला ढुङ्गामा कर लिन पाईने छैन।

१४-दरभाउ पत्र स्वीकृत गर्ने आंसिक स्वीकृत गर्ने र स्वीकृत नगर्ने सम्पूर्ण अधिकार बडिगाड गाउँपालिकामा सुरक्षित रहने छ।

१५-गाउँपालिकाले तोकेको कर संकलन केन्द्रमा कर दस्तुर उठाउने बस्तुको स्पस्ट सूचि राख्नु पर्नेछ।

१६-ठेक्का अवधि समाप्त भए पछि कर चुक्ता गरेको प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी रकम फिर्ता दिईनेछ।

१७-बन्द हड्ताल चक्काजाम वा अन्य कुनै कारण देखाई कार्यालयमा मिनाह माग गर्न पाईने छैन।

१८- नेपाल सरकार प्रदेश सरकार र यस कार्यालयबाट समय समयमा दिईएको नीति निर्देशनहरु पालना गर्नु सम्बन्धित ठेकदारको कर्तब्य हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

१९-नेपाल सरकारको कुनै पनि निकायले संचालन गरेको सवारी साधनमा उल्लेखित कर लगाउन पाईने छैन।

२०-ठेक्का सम्बन्धी कुनै बिबाद भएमा आपसी सहमतिबाट टुङ्गो लगाईने छ। यदि सहमति हुन नसके गाउँपालिकाको निर्णय अन्तिम हुने छ।

२१-ठेकदारले बोलपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौता गर्नको लागी कार्यालयमा सम्पर्क गरी सक्नु पर्ने छ। तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी नियमानुसार ठेक्का ब्यबस्थापन प्रक्रिया अगाडी बढाईनेछ।

२२-बोलपत्र सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालयमा सम्पर्क गर्न सकिने छ। करको दर रेट बोलपत्र फाराममा उल्लेख हुने छ।

२३-प्रारम्भिक वातावरणीय परीक्षणबाट औल्याईएका सुझावहरुलाई पालना गर्नु पर्नेछ।

२४यसमा उल्लेख नभएको थप कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत